# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ८, भागः२ संख्याः ४, मितिः२०८२/०८/१४ गते

**भाग-२**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

*गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०८/०८*

# कञ्चन गाउँपालिका र सुनगाभा सामुदायिक विकास केन्द्रद्वारा लागत साझेदारीमा सञ्चालन हुने मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको औषधी उपचार सहयोग सम्वन्धी मापदण्ड, २०८२

**प्रस्तावनाः** मानसिक तथा मनोसामाजिक समस्याबाट प्रभावित जुन मानसिक समस्याको कारण बिच्छिप्त अवस्थामा रहेका तथा उपचारको दायरामा आउन नसकेका बिरामीहरुलाई उपचारको दायरामा ल्याउनको लागि कञ्चन गाउँपालिका र सुनगाभा सामुदायिक बिकास केन्द्रको संयुक्त सहयोगमा प्रदान गरिने आर्थिक सहायता वितरणमा एकरुपता कायम गर्न बाच्छनीय भएकोले, कञ्चन गाउँपालिकाले देहायको मापदण्ड बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नामः मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको औषधी उपचार सहयोग मापदण्ड २०८२ रहेको छ ।

(२) यो मापदण्ड कञ्चन गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुने छ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) आर्थिक सहायता भन्नाले कञ्चन गाउँपालिका र सहयोगी संस्था (सुनगाभा सामुदायिक बिकास केन्द्र)को साझेदारीमा प्रदान गरिने औषधी उपचार सहयोग रकमलाई सम्झनु पर्दछ ।

(ख) उपचार खर्च भन्नाले कञ्चन गाउँपालिका भित्र स्थायी बसोवास गर्ने मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको औषधी उपचार गराउदा लागेको खर्चलाई सम्झनु पर्दछ ।

(ग) पालिका भन्नाले कञ्चन गाउँ पालिका सम्झनु पर्दछ ।

घ) लाभग्राही भन्नाले कञ्चन गाउँपालिका भित्र स्थायी रुपमा वसोवास गरिरहेका मानसिक तथा मनोसामाजिक समस्याबाट प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(घ) सहयोगी (साझेदार) संस्था भन्नाले सुनगाभा सामुदायिक बिकास केन्द्र कञ्चन – ४, रुपन्देही सम्झनु पर्दछ ।

(ङ) समिति भन्नाले यस मापदण्डको दफा ५ बमोजिम गठित अनुगमन तथा सिफारिस समिति सम्झनु पर्छ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

परिच्छेद-२

## उपचार खर्च, तथा आर्थिक सहायता माग

३. **उपचार खर्च, तथा आर्थिक सहायता प्राप्त गर्न सक्ने**: देहायको अवस्थामा कञ्चन गाउँपालिकामा स्थायी बसोवास गर्ने मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको संवेदनशीलतालाई बिचार गरि उपयुक्त औषधी उपचार खर्च वा सहयोग उपलब्ध गराउन सकिनेछ।

(क) कुनै पनि किसिमको मनोसामाजिक वा मानिसिक समस्या भई उपचार गर्नु पर्ने वा उपचाररत रहेको भएमा,

(ख) मानसिक तथा मनोसामाजिक समस्याको पहिचान र लेखा जोखा गर्नु पर्ने भएमा,

(ग) मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुलाई भावनात्मक सहयोग वा मनोविमर्श सहयोग प्रदान गर्नु पर्ने भएमा,

(घ) मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुलाई विशिष्टिकृत सहयोगको सिफारिस गर्नु पर्ने भएमा,

(ङ) मानसिक तथा मनोसामाजिक समस्या भएकाहरुलाई बैकल्पिक हेरचाको प्रवन्ध गर्नु पर्ने भएमा,

**४. उपचार खर्च, तथा आर्थिक सहायता उपलब्ध गराउने तथा प्राप्त गर्ने प्रकृया**: लाभग्राहीलाई सहायता रकम उपलब्ध गराउन तथा लाभग्राहीले प्राप्त गर्ने देहायबमोजिमको प्रकृया पुरा गर्नु पर्नेछ।

(१) लाभग्राहीले देहाय बमोजिमका कागजातहरु संलग्न गरि दफा ५ बमोजिमको समितिमा सहायता रकम उपलब्ध गराई पाउँ भनि निवेदन पेश गर्नुपर्नेछ।

क) आफु स्थायी रुपमा वसोवास गरिरहेको वडाको सिफारिस,

ख) मान्यता प्राप्त मानसिक रोग विशेषज्ञ चिकित्सकको सिफारिसमा औषधी लिएको बिरामी पुर्जाको प्रतिलिपी

ग) औषधी उपचारमा खर्च भएको सक्कलै बिल

घ) नागरिकताको प्रतिलिपी

ङ) नागरिकतामा स्थायी ठेगाना अन्यत्र भई बसाई सराई गरि कञ्चन गाउँपालिकामा आएको खण्डमा बसाई सराईको प्रमाण पत्रको प्रतिलिपी

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

च) लाभग्राही वा निजको संरक्षक वा निजको नजिकको हकवालाको बैंक खाताको सक्कल चेक (निजको संरक्षक वा निजको नजिकको हकवालाको बैंक खातामा भुक्तानी माग भएको खण्डमा सम्वन्धित वडा कार्यालय बाट संरक्षक वा नजिकको हकवाला प्रमाणित गरिएको कागजात।

२) पालिकाले औषधोपचार खर्च उपलब्ध गराउने प्रकृया देहाय बमोजिम हुनेछः

क) निवेदन प्राप्त भईसके पश्चात दफा ५ बमोजिमको समितिले प्राप्त निवेदनको आधारमा स्थलगत अनुगमन गरि अनुगमन प्रतिवेदन सहित सहायता उपलब्ध गराउनुपर्ने आवश्यकता तथा औचित्य खोलि भुक्तानीको लागि निर्णय सहित कार्यालयमा सिफारिस गर्नुपर्नेछ।

ख) सहयोगी संस्थाले यस मापदण्ड बमोजिम लाभग्राहीले प्राप्त गर्ने अधिकतम रकमको पचास प्रतिशतले हुन आउने रकम पालिकाको संचित कोष खातामा दाखिला गर्नु पर्नेछ।

ग) पालिका लाई सहयोगी संस्थाबाट प्राप्त रकम र पालिकाको उक्त शिर्षकमा स्वीकृत बजेट बाट पचास/ पचास प्रतिशत हुने गरि लाभग्राहीको बैंक खाता वा निजको संरक्षक वा निजको नजिकको हकवालाको बैंक खातामा लाभग्राहीहरुले निवेदन साथ संलग्न गरेका कागजातहरु तथा दफा ५ बमोजिमको समितिको निर्णय तथा सिफारिस आधारमा भुक्तानीको व्यवस्था मिलाउनेछ।

३) सहायता उपलब्ध गराउँदा गरिव, विपन्न, पिछडिएको वर्ग, क्षेत्र तथा समुदायलाई प्राथमिकता दिनुपर्नेछ।

३) कुनै एक मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिले एक आर्थिक बर्षमा दुई पटक भन्दा बढि पटक औषधी उपचार सहायता वापतको रकम प्राप्त गर्न सक्ने छैनन्।

(४) कुनै एक मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिलाई एक आर्थिक बर्षमा बढिमा २ पटक सम्म मात्र प्रत्येक पटकमा रु.१५०००/- (पन्ध्र हजार) मा नबढ्ने गरी उपचार गरेको बिल भर्पाईको आधारमा रकम उपलब्ध गराउन सकिने छ।

तर, लाभग्राहीको संख्या बढ्न गई उपदफा (४) बमोजिमको रकम सहायता उपलब्ध गराउन पालिकाको स्वीकृत बजेट रकम अपुग भएमा दफा ५ बमोजिमको समितिको निर्णय तथा सिफारिसको आधारमा स्वीकृत बजेटको परिधिमा रहि लाभग्राहीहरुलाई दामासाहीको आधारमा सहायता उपलब्ध गराउन सकिनेछ। साझेदार संस्थाले अपुग भएको बजेट लाई पुर्ती गर्न आफ्नो संस्था बाट गरिने लागत साझेदारी रकम लाई बढाउन यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन।

(५) भुक्तानी मागको लागि लाभग्राही हरुलाई सहयोगी संस्थाले आवश्यक कागजात तयार गर्न सहजीकरण गरिदिनुपर्नेछ।

गरि ६/६ महिनामा एक मुष्ट भुक्तानी माग गर्नु पर्ने छ ।

५. **उपचार खर्च, तथा आर्थिक सहायता सिफारिस तथा अनुगमन समितीः** उपचार खर्च तथा आर्थिक सहायताको अनुगमन तथा भुक्तानीको लागि सिफारिस गर्न पालिकामा देहाय बमोजिमको समिति रहनेछ ।

(क) संयोजकः पालिका उपाध्यक्ष
(ख) सदस्यः पालिकाको महिला बालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख
(ग) सदस्यः लैगिङ्ग हिंसा निगरानी समितिको संयोजक
(घ) सदस्यः सहयोगी संस्थामा कार्यरत रहेको मनोसामाजिक परामर्शकर्ता
(ङ) सदस्य सचिवः पालिकाको स्वास्थ्य शाखा प्रमुख

समितिको वैठकमा आवश्यक परेमा पालिका अध्यक्ष, वडा अध्यक्ष तथा पालिकाका अन्य शाखा प्रमुख, विषय विज्ञ हरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**६. समितीको वैठक, काम, कर्तव्य तथा अधिकारः**

**१)** समितिको वैठक सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।
(क) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।
ख) समितिको संयोजकको निर्देशनमा सदस्य सचिवले वैठक बोलाउनुपर्नेछ ।
ग) समितिको वैठकमा सम्पुर्ण सदस्यहरु अनिवार्य उपस्थित हुनुपर्नेछ ।
घ) वैठक बसे वापत समितिका सदस्य हरुलाई कुनै पनि प्रकारको भत्ता उपलब्ध गराइने छैन ।
२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) लाभग्राहीको निवेदन लिने ।
(ख) प्राप्त निवेदनको आधारमा स्थलगत अनुगमन गरि अनुगमन प्रतिवेदन सहित सहायता उपलब्ध गराउनुपर्ने आवश्यकता तथा औचित्य खोलि सहायता रकम उपलब्ध गराउन निर्णय सहित कार्यालयमा सिफारिस गर्ने ।

**७) बाधा अड्काउ फुकाउने अधिकारः** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा गाउँकार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार हुनेछ ।

८) यस सम्वन्धमा संघिय तथा प्रादेशिक कार्यविधि तथा मापदण्ड हरु जारी भएमा सोही कार्यविधि तथा मापदण्ड बमोजिम हुनेछ । साथै यस अघि यस सम्वन्धमा भए गरेका निर्णयहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

**प्रमाणीकरण मितिः २०८२/०८/१४**

आज्ञाले,

माधव प्रसाद पोखेल

प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका

कञ्चन गाउँपालिका स्थानीय राजपत्र